# अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं.(Reference No ०८१।८२
च.नं.(Dispatch No):-

मिति:२०८१।०५।१७

## प्रेस विज्ञप्ती

मिति २०८१।०५।१७ गते यस अर्जुनचौपारी गाउँपालिकाको ३३औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

निर्णय नं. १ अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐनको अनुसूची ४ र ५ मा समावेश भएको सम्पत्ति कर प्रयोजन र भूमिकर प्रयोजनको लागि जग्गा मूल्याङ्कनका दुई वटा आधार भएकोले अनुसूची ५ मा समावेश भएका भूमिकर प्रयोजनका जग्गालाई सडकसँग सम्वन्ध नभएको आधार मानी मूल्याङ्कन गर्ने साथै भूमिकरको हकमा न्यूनतम २ रोपनी सम्म रु १५ र २ रोपनी भन्दा बढी जग्गा भएमा प्रति रोपनी रु १० का दरले वार्षिक रुपमा कर लिने प्रावधान भएकोमा अनुसूची १ बमोजिमको भूमिकर लिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २ चालु आ.व. २०८१/०८२ को लागि अर्जुनचौपारी गाउँपालिका गाउँसभाको १५ औं अधिवेशनबाट स्वीकृत भई बजेट विनियोजन भएका योजनाहरुको मिति २०८१ असोज महिनाको पहिलो हप्ताबाट प्रत्येक वडा कार्यालयहरुमा योजना सञ्चालन सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी वडा कार्यालयबाट नै योजना सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३ अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखापरीक्षण सम्पन्न गरी मिति २०८१/०५/१५ गते बहिर्गमन बैठकको समयमा लेखापरीक्षणको टिपोटबाट औंल्याएका कमीकमजोरी सुधार गर्ने साथै उक्त टिपोटमा भएका त्रुटीहरु सच्याउनका लागि आधिकारीक संस्थागत धारणा राख्ने प्रयोजनार्थ लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपलब्ध गराउन सम्वन्धित निकायलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४ अर्जुनचौपारी गाउँपालिका भित्र सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक वन उपभोक्ता समिति सम्वन्धी दुविधा अन्त्य गर्नको लागि अर्जुनचौपारी गाउँपालिकाको वन ऐन, २०८० बमोजिम कानुनी दायरामा ल्याई दर्ता/नवीकरण एवं लेखापरीक्षणको लागि आवश्यक पहल गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५ अर्जुनचौपारी गाउँपालिका भित्र दर्ता नगरी सञ्चालनमा रहेका सम्पूर्ण संघ संस्याहरुलाई अनिवार्य रुपमा गाउँपालिका वा सम्वन्धित निकायमा दर्ता प्रकृयामा ल्याउने र नवीकरण नभएका व्यवसायहरुलाई नवीकरणको लागि आवश्यक पहल एवं व्यवस्था मिलाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ६ आर्थिक वर्ष २०८१/०८२ मा स्वीकृत पोषण सम्वन्धी कार्यक्रम सञ्चालन गर्नको लागि अर्जुनचौपारी गाउँपालिकाको पोषण कार्यक्रम सञ्चाल कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता

*" साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*


9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com


CamScanner